श्री ५ को सरकार

## कानुन तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४२ सालको ऐन नं. १४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम प्रारम्भ : (१) यस ऐनको नाम "सरकारी मुद्दासम्बन्धी (चौथो संशोधन) ऐन, २०४२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को दफा २ मा संशोधन : सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५४

"(क) "सरकारी वकिल" भन्नाले महान्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ता, अतिरिक्त न्यायाधिवक्ता, सह-न्यायाधिवक्ता, क्षेत्रीय न्यायाधिवक्ता, अञ्चल न्यायाधिवक्ता, उप-न्यायाधिवक्ता, सहायक अञ्चल न्यायाधिवक्ता, सहायक न्यायाधिवक्ता र जिल्ला न्यायाधिवक्ता सम्झनुपर्छ।"

३. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः–

"९. जिल्ला न्यायाधिवक्ताको काम अरूले गर्ने : (१) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा अन्य प्रचलित कानूनबमोजिम जिल्ला न्यायाधिवक्ताको अधिकार तथा कर्तव्य अन्य कुनै सरकारी वकिलले प्रयोग तथा पालन गर्न सक्नेछन्।

(२) जिल्ला न्यायाधिवक्ताले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा अन्य प्रचलित कानूनबमोजिम प्रयोग गर्न पाउने अधिकार र पालन गर्नु पर्ने कर्तव्यमध्ये केही वा सबै प्रयोग र पालन गर्न पाउने गरी सम्बन्धित सरकारी वकिल कार्यालयको कुनै सरकारी कर्मचारीलाई महान्यायाधिवक्ताले तोकन सक्नेछ।

(३) कुनै सरकारी वकिल-कार्यालयको कुनै सरकारी वकिलको अनुपस्थितिमा सोही कार्यालयको वा अन्य सरकारी वकिल-कार्यालयको सरकारी वकिललाई महान्यायाधिवक्ताले काम लगाउन सक्नेछ।"

४. रूपान्तर : मूल ऐनमा प्रयोग भएका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखिएका छन् :–

(क) "सरकारी अभियोक्ता" को सट्टा "जिल्ला न्यायाधिवक्ता"
(ख) "सरकारी अभिवक्ता" को सट्टा "जिल्ला न्यायाधिवक्ता"

लालमोहर सदर मिति :– २०४२।६।९।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।